# समुदायमा आधारित नसर्ने रोग व्यवस्थापनका लागि स्क्रिनिङ्ग कार्यक्रम (२०८२)

प्रदेश सरकार
कोशी प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
सुनसरी

# समुदायमा आधारित नसर्ने रोग व्यवस्थापनका लागि स्क्रिनिङ्ग कार्यक्रम (२०८२)

प्रदेश सरकार
कोशी प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
सुनसरी

# Contents


परिचय....4

उद्देश्यहरू....5

छनौट भएका पालिकाहरु....5

कार्यक्रम सञ्चालन प्रक्रिया....6

स्क्रिनिङ्गबाट प्राप्त परिणाम....6

१. मधुमेहको विवरण....6

चार वटा पालिकामा मधुमेह स्क्रिनिङ्गमा प्राप्त परिणाम....7

ईटहरी उपमहानगरपालिका....9

बर्जु गाउँपालिका....10

देवानगंज गाउँपालिका....11

धरान उपमहानगरपालिका....12

२. उच्च रक्तचापको विवरण....12

चार वटा पालिकामा उच्च रक्तचाप स्क्रिनिङ्गमा प्राप्त परिणाम....13

ईटहरी उपमहानगरपालिका....15

बर्जु गाउँपालिका....16

देवानगंज गाउँपालिका....17

धरान उपमहानगरपालिका....18

निष्कर्ष....19

Figure 1 मधुमेहको स्क्रिनिङ्गको परिणाम (शंख्यामा)........................................................................7
Figure 2 चार वटा पालिका मा मधुमेहको स्क्रिनिङ्ग को परिणाम (प्रतिशतमा)................................8
Figure 3 ईटहरीमा मधुमेहको परिणाम (प्रतिशतमा)........................................................................9
Figure 4 बर्जु गाउँपालिका मा मधुमेह परीक्षण को परिणाम..........................................................10
Figure 5 देवानगंज गाउँपालिकामा मधुमेह परीक्षणको परीणाम......................................................11
Figure 6 धरान उपमहानगरपालिकामा मधुमेह परिक्षणको परिणाम................................................12
Figure 7 उच्च रक्तचाप स्क्रिनिङ्गको परिणाम (शंख्यामा)..............................................................13
Figure 8 चार वटा पालिकामा उच्च रक्तचापको स्क्रिनिङ्ग परिणाम.................................................14
Figure 9 ईटहरी उपमहानगरपालिका उच्च रक्तचापको परिक्षण परिणाम......................................15
Figure 10 बर्जु गाउँपालिकाको स्क्रिनिङ्गको परिणाम....................................................................16
Figure 11देवानगंज गाउँपालिकाको स्क्रिनिङ्गको परिणाम..............................................................17
Figure 12 धरान उपमहानगरपालिकाको स्क्रिनिङ्गको परिणाम........................................................18

# परिचय

विश्वमा नसर्ने रोगको प्रकोप बढिरहेको छ । यसको कारण वर्षेनी करिब ४ करोड १० लाख मानिसको मृत्यु हुने गर्दछ ।नेपालमा पनि यसको प्रकोप तिव्रगतिमा वृद्धि भइरहेको छ । नेपालमा (WHO को सन् २०१८ को country profile report अनुसार) भएको कुल मृत्यु मध्ये ६६ प्रतिशत मृत्युको कारण नसर्ने रोगबाट भएको थियो । ती मृत्यु मध्ये सबैभन्दा बढी १ करोड ७९ लाख CVD संग, ९० लाख क्यान्सर संग, ३९ लाख श्वासप्रश्वास संग र १६ लाख मधुमेह सम्बन्धित भएको थियो । नेपाल लगायत दक्षिणपूर्वी एसियाका देशहरूमा प्रमुख नसर्ने रोग, विषेश गरी ३० देखि ७० वर्ष उमेर समूहका मानिसहरूमा, अल्पायुमै मृत्यको (२२ प्रतिशत) प्रमुख कारणको रुपमा देखिएको छ ।

नसर्ने रोगहरूले लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने गर्दछ । मुटु तथा रक्तनलीको रोग, मधुमेह, दिर्घ श्वाश्प्रश्वास सम्बन्धी रोग र क्यान्सर (स्तन र पाठेघरको मुख) प्रमुख ४ नसर्ने रोगहरूको रुपमा देखिएको छ । धेरै व्यक्तिहरुको अल्प आयुमै मृत्यु हुने तथा स्वास्थ्य क्षेत्रमा धेरै धनराशीको खर्च गराउने यी रोगहरु विश्वमा प्रमुख महामारीको रुपमा देखापरीरहेको छ ।

नसर्ने रोगहरुले रोगको रुपमा मात्र नरही सामाजिक, आर्थिक, वातावरणमा र समग्र देश विकासमा नै समेत नकारात्मक असर पारिरहेको हुन्छ । नसर्ने रोग लागी सकेपछि जीवनपर्यन्त उपचार गनुपर्ने, बढ्दो धान्नै नसक्ने स्वास्थ्य उपचारको खर्च र व्यक्तिको उत्पादनशिलतामा आउने ह्रास आदि कारणले गर्दा व्यक्ति, परिवार तथा समाजले आम्दानीको ठूलो हिस्सा यसमा खर्च गर्नुपरेको छ ।

नसर्ने रोगहरुको उपचारको खर्चको कारणले बर्षेनी हाम्रो जस्तो देशमा थुप्रै घरपरिवार गरीबीको रेखामुनी धकेलिएका छन् ।

विश्वव्यापिकरण, शहरीकरण, उमेर वृद्धि Aging जनसंख्या बृद्धि, तथा जीवनशैलीमा आएको परिवर्तन तथा बातावरणीय प्रदुषण लगाएतका आदि कारणले गर्दा मानिसको जीवन र स्वास्थ्यमा जोखिम बढ्दै गैरहेको छ । यी कारणले गर्दा नसर्ने रोगहरु विश्वमा मानिसहरुको मृत्युको प्रमुख कारणको रुपमा देखा परिरहेको छ ।

स्क्रिनिङ्ग ले रोगहरुको समयमा पहिचान गरी समयमा नै उपचार सुरु गरेर भविष्यमा हुन सक्ने जटिलताहरु रोक्न महत्वपूर्ण भुमिका खेल्ने गर्दछ।समाजमा पहिचान भएका नसर्ने रोगहरु भन्दा

लुकेर रहेका पत्ता नलागेका तथा पत्ता लागेर पनि उपचारको दायरामा नरहेका बिरामीहरुको शंख्या धेरै छ।
समुदायमा प्रत्यक्ष रुपमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविका हरु भएकाले समुदायमा लुकेर रहेका रोग पत्ता लगाउन वहाँहरुको महत्वपूर्ण भुमिका हुन सक्छ।

## उद्देश्यहरू

नसर्ने रोगको बारेमा म.स्वा.से लाई नसर्ने रोग सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र सिपको विकास गर्ने ।

प्रमुख नसर्ने रोगहरु —उच्च रक्तचाप र मधुमेह विशेष केन्द्रित रहेर , स्क्रिनिङ्ग तथा रोकथाम र ब्यवस्थापन सम्बन्धी परामर्श र प्रेषणको ज्ञान तथा शिप विकास गर्ने ।

नेपालका स्वास्थ्य संस्थामा भइरहेको नसर्ने रोगको रोकथाम तथा एकिकृत व्यवस्थापनलाई प्रोत्साहित गर्दै निरन्तरता दिने र सामूदायिक तहमा सेवा उपलब्धता सम्बन्धी सचेतना कोलागि समन्वय गर्ने ।

नसर्ने रोगको व्यवस्थापनको स्क्रिनिङ्ग गरे पश्चात आवश्यक अभिलेख तथा प्रतिवेदनको ज्ञान र शिपको विकास गर्ने ।

विशेष गरेर सुर्ति र धुम्रपान तथा मदिरापान सेबन घटाउने, स्वस्थ खानपान र नियमित शारिरीक क्रियाकलापलाई प्रवर्द्धन गर्ने ज्ञान तथा सिप प्रदान गर्ने ।

## छनौट भएका पालिकाहरु

| **क्र.स** | **छनौट भएका पालिकाहरु** |
|---|---|
| १ | बर्जु गाउँपालिका |
| २ | देवानगंज गाउँपालिका |
| ३ | धरान उपमहानगरपालिका |
| ४ | ईटहरी उपमहानगरपालिका |

## कार्यक्रम सञ्चालन प्रक्रिया

नसर्ने रोगको समुदायमा रोकथाम तथा व्यवस्थापनको लागि सामुदायिक स्क्रिनिङ्ग कार्यक्रम अन्तर्गत विभिन्न चरणमा कार्यक्रम हरु सम्पन्न गरियो । पहिलो चरणमा कार्यक्रम तथा पृष्ठभुमि तयारी अन्तर्गत टुल्स(फर्म फर्म्याट) तयारी, पालिका को छनौट तथा स्क्रिनिङ्ग गर्ने समुह लगायत अनुमानित शंख्या निर्धारण गरियो।त्यस पश्चात महिला स्वास्थ्य स्वयंसेविकालाई छनौट गरिसकेपछि स्थानीय तह,स्वास्थ्य संस्थाका कर्मचारी एवं जनप्रतिनिधीलाई कार्यक्रमको बारेमा विस्तृत जानकारी र महत्व तथा कार्यक्रम संचालन प्रक्रिया अभिलेख प्रतिवेदन आदि सम्बन्धी अभिमुखीकरण कार्यक्रम छनौट भएका पालिका हरुमा संचालन गरिएको थियो। महिला स्वास्थ्य स्वयंसेविकालाई तीन दिने स्क्रिनिङ्ग तथा अभिलेख प्रतिवेदन सम्बन्धी सीप विकास पश्चात समुदायमा स्क्रिनिङ्गका लागी सामग्री हरु समेत उपलब्ध गराई खटाईएको थियो।

## स्क्रिनिङ्गबाट प्राप्त परिणाम

### १. मधुमेहको विवरण

चार वटा पालिका मधुमेहको लागि स्क्रिनिङ्ग गरेको जम्मा शंख्या : ६१४५

पालिका अनुसार मधुमेहका लागि स्क्रिनिङ्ग गरेको जम्मा शंख्या

| **क्र.स** | **छनौट भएका पालिकाहरु** | **मधुमेह स्क्रिनिङ्ग गरेको जनशंख्या** |
|---|---|---|
| १ | बर्जु गाउँपालिका | ४६३ |
| २ | देवानगंज गाउँपालिका | २५२ |
| ३ | धरान उपमहानगरपालिका | २०७४ |
| ४ | ईटहरी उपमहानगरपालिका | ३३५६ |

## चार वटा पालिकामा मधुमेह स्क्रिनिङ्गमा प्राप्त परिणाम





**Figure 1** मधुमेहको स्क्रिनिङ्गको परिणाम (शंख्यामा)





Figure 2 चार वटा पालिका मा मधुमेहको स्क्रिनिङ्ग को परिणाम (प्रतिशतमा)

छनौट भएका चार वटा पालिका हरुमा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा मधुमेहका लागि स्क्रिनिङ्ग गरिएका मध्ये ३९% को चिनीमा रगतको मात्रा १२६ mg/dl भन्दा माथी देखिएको छ, २८% मा मधुमेहको जोखिममा रहेको देखिएको छ भने ३% मा तुरुन्त प्रेषणको अवस्था देखिएको छ। यी समुहलाई नजिकको स्वास्थ्य संस्थामा एकपटक फास्टिङ्ग , पी.पी मा रगतमा चिनीको मात्रा परीक्षण गरी आफ्नो मधुमेहको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। मधुमेहको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्यशिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

## ईटहरी उपमहानगरपालिका





Figure 3 ईटहरीमा मधुमेहको परिणाम (प्रतिशतमा)

ईटहरी उपमहानगरपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा मधुमेहका लागि स्क्रिनिङ्ग गरिएका मध्ये ४१% को चिनीमा रगतको मात्रा १२६ mg/dl भन्दा माथी देखिएको छ, २७% मा मधुमेहको जोखिममा रहेको देखिएको छ भने ३% मा तुरुन्त प्रेषणको अवस्था देखिएको छ। यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक फास्टिङ्ग , पी.पी मा रगतमा चिनीको मात्रा परीक्षण गरी आफ्नो मधुमेहको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो।

## बर्जु गाउँपालिका





**Figure 4 बर्जु गाउँपालिका मा मधुमेह परीक्षण को परिणाम**

बर्जु गाउँपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा मधुमेहका लागि स्क्रिनिङ्ग गरिएका मध्ये ३३% को चिनीमा रगतको मात्रा १२६ mg/dl भन्दा माथी देखिएको छ, २४% मा मधुमेहको जोखिममा रहेको देखिएको छ भने २ % मा तुरुन्त प्रेषणको अवस्था देखिएको छ। यी समुहलाई नजिकको स्वास्थ्य संस्थामा एकपटक फास्टिङ्ग , पी.पी मा रगतमा चिनीको मात्रा परीक्षण गरी आफ्नो मधुमेहको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो।

## देवानगंज गाउँपालिका





**Figure 5** देवानगंज गाउँपालिकामा मधुमेह परीक्षणको परीणाम

देवानगंज गाउँपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा मधुमेहका लागि स्क्रिनिङ्ग गरिएका मध्ये ३४% को चिनीमा रगतको मात्रा १२६ mg/dl भन्दा माथी देखिएको छ, ३१% मा मधुमेहको जोखिममा रहेको देखिएको छ भने ४ % मा तुरुन्त प्रेषणको अवस्था देखिएको छ।

### धरान उपमहानगरपालिका





**Figure 6 धरान उपमहानगरपालिकामा मधुमेह परिक्षणको परिणाम**

धरान उपमहानगरपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा मधुमेहका लागि स्क्रिनिङ्ग गरिएका मध्ये ३८% को चिनीमा रगतको मात्रा १२६ mg/dl भन्दा माथी देखिएको छ, ३०% मा मधुमेहको जोखिममा रहेको देखिएको छ भने २ % मा तुरुन्त प्रेषणको अवस्था देखिएको छ।

### २. उच्च रक्तचापको विवरण

चार वटा पालिका उच्च रक्तचापको लागि स्क्रिनिङ्ग गरेको जम्मा शंख्या : ६६३८

पालिका अनुसार उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरेको जम्मा शंख्या

| क्र.स | छनौट भएका पालिकाहरु | रक्तचाप स्क्रिनिङ्ग गरेको जनशंख्या |
|---|---|---|
| १ | बर्जु गाउँपालिका | ५६५ |
| २ | देवानगंज गाउँपालिका | २४९ |
| ३ | धरान उपमहानगरपालिका | २२७७ |
| ४ | ईटहरी उपमहानगरपालिका | ३५४७ |

चार वटा पालिकामा उच्च रक्तचाप स्क्रिनिङ्गमा प्राप्त परिणाम





Figure 7 उच्च रक्तचाप स्क्रिनिङ्गको परिणाम (शंख्यामा)





**Figure 8** चार वटा पालिकामा उच्च रक्तचापको स्क्रिनिङ्ग परिणाम

छनौट भएका चार वटा स्थानीय तहहरुमा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरिएका मध्ये १७%मा उच्च रक्तचाप (रक्तचापको मात्रा१४० वा सो भन्दा बढी /९० वा सो भन्दा बढीmm of hg) देखिएको छ, ३६%को रक्तचापको मात्रा जोखिममा रहेको (१२०-१३९/८०-८९ mm of hg) देखिएको छ । यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक रक्तचाप परीक्षण गरी आफ्नो रक्तचापको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। उच्च रक्तचापको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्यशिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

## ईटहरी उपमहानगरपालिका





**Figure 9** ईटहरी उपमहानगरपालिका उच्च रक्तचापको परिक्षण परिणाम

ईटहरी उपमहानगरपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरिएका मध्ये १५% को रक्तचापको मात्रा१४० वा सो भन्दा बढी /९० वा सो भन्दा बढी)mm of hg देखिएको छ, ३५%को रक्तचापको मात्रा जोखिममा रहेको (१२०-१३९/८०-८९ mm of hg) देखिएको छ । यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक रक्तचाप परीक्षण गरी आफ्नो रक्तचापको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। उच्च रक्तचापको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्यशिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

## बर्जु गाउँपालिका





**Figure 10 बर्जु गाउँपालिकाको स्क्रिनिङ्गको परिणाम**

बर्जु गाउँपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरिएका मध्ये १९% को रक्तचापको मात्रा१४० वा सो भन्दा बढी /९० वा सो भन्दा बढी)mm of hg देखिएको छ, २२%को रक्तचापको मात्रा जोखिममा रहेको (१२०-१३९/८०-८९ mm of hg) देखिएको छ । यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक रक्तचाप परीक्षण गरी आफ्नो रक्तचापको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। उच्च रक्तचापको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्यशिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

## देवानगंज गाउँपालिका





**Figure 11देवानगंज गाउँपालिकाको स्क्रिनिङ्गको परिणाम**

देवानगंज गाउँपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरिएका मध्ये १४% को रक्तचापको मात्रा१४० वा सो भन्दा बढी /९० वा सो भन्दा बढी)mm of hg देखिएको छ, ३७%को रक्तचापको मात्रा जोखिममा रहेको (१२०-१३९/८०-८९ mm of hg) देखिएको छ । यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक रक्तचाप परीक्षण गरी आफ्नो रक्तचापको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। उच्च रक्तचापको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्य शिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

## धरान उपमहानगरपालिका





**Figure 12 धरान उपमहानगरपालिकाको स्क्रिनिङ्गको परिणाम**

धरान उपमहानगरपालिकामा स्क्रिनिङ्ग पश्चात प्राप्त परिणाममा जम्मा उच्च रक्तचापका लागि स्क्रिनिङ्ग गरिएका मध्ये १९% को रक्तचापको मात्रा१४० वा सो भन्दा बढी /९० वा सो भन्दा बढी)mm of hg देखिएको छ, ४०%को रक्तचापको मात्रा जोखिममा रहेको (१२०-१३९/८०-८९ mm of hg) देखिएको छ । यी समुहलाई स्वास्थ्य संस्थामा एकपटक रक्तचाप परीक्षण गरी आफ्नो रक्तचापको अवस्था यकिन गर्न पनि महिला स्वास्थ्य स्वयं सेविका द्वारा सल्लाह दिईएको थियो। उच्च रक्तचापको जोखिम कारकहरु, खानपान , व्यायाम सम्बन्धी स्वास्थ्य शिक्षा पनि स्क्रिनिङ्गको दौरानमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले दिनुभएको थियो।

# निष्कर्ष

मधुमेह स्क्रिनिङ्ग गरिएका जम्मा ६१४५ जनशंख्या मध्ये २३८१ जना (३९%) मा मधुमेह भएको अथवा रगतमा चिनीको मात्रा १२६ mg/dl वा सो भन्दा बढी देखिएको पाइयो त्यसैगरी १७४२ जना (२८%) मा मधुमेहको जोखिम रहेको अथवा रगतमा चिनीको मात्रा १०८- १२५ mg/dl देखिएको पाइयो भने १६७ जना (३%) लाई स्वास्थ्य संस्थामा प्रेषण गरेको पाइयो |

उच्च रक्तचाप स्क्रिनिङ्ग गरिएका जम्मा ६६३८ जनशंख्या मध्ये १,११५ जना (१७ %) मा उच्च रक्तचाप अथवा रक्तचापको मात्रा १४०/९० mm of hg वा सो भन्दा बढी रहेको पाइयो त्यसैगरी २,३७६ जना (३६%) मा उच्च रक्तचापको जोखिम रहेको पाइयो भने ३१३७ जना (४७%) मा सामान्य रक्तचाप रहेको पाइयो।

चार वटा स्क्रिनिङ्ग कार्यक्रम पश्चात प्रमुख नसर्ने रोगहरू (उच्च रक्तचाप र मधुमेह विशेष केन्द्रित) रोगीलाई पत्ता लगाउन, उचित परामर्श तथा प्रेषण गर्ने क्षमतामा अभिवृद्धी भएको पाइयो। व्यक्तिहरूको धुम्रपान र सुर्ति खाने, मदिरा सेवन, अस्वस्थ खानपान र कम शारीरिक गतिविधिको व्यवहारलाई सकारात्मक परिवर्तन गर्न परामर्श गर्ने क्षमता अभिवृद्धी भएको पाइयो।

उच्च रक्तचाप र मधुमेह दुवै तीव्र रूपमा बढ्दै गइरहेका दीर्घरोगहरू हुन्। प्रारम्भिक चरणमा लक्षण नदेखिने, अस्वस्थकर जीवनशैली , स्वास्थ्य सचेतनामा कमी र नियमित परीक्षणको अभाव प्रमुख चुनौतीहरूको रुपमा रहेका छन्। समयमै पहिचान, सचेतना, नियमित औषधि र स्वस्थ जीवनशैलीले जोखिम घटाउन र रोग नियन्त्रणमा राख्न महत्वपूर्ण भूमिका खेल्दछन्। स्क्रिनिङ्ग कार्यक्रमले समुदायमा भएका लुकेर रहेका नसर्ने रोग पत्ता लगाएर समयमै उपचार गर्दा नसर्ने रोग बाट हुन सक्ने मृत्यु तथा अपाङ्गता रोक्न सहयोग गर्दछ।

**TREND OF DIABETES**

| क्र.स | पालिकाहरु | मधुमेह स्क्रिनिङ्ग गरेको शंख्या | मधुमेह भएको संख्या | मधुमेहको जोखिममा रहेको संख्या | प्रेषण गरिएको संख्या |
|---|---|---|---|---|---|
| १ | बर्जु गाउँपालिका | ४६३ | १५१(३३%) | ११३(२४%) | १०(२%) |
| २ | देवानगंज गाउँपालिका | २५२ | ८६(३४%) | ७९(३१%) | १०(४%) |
| ३ | धरान उपमहानगरपालिका | २०७४ | ७८३(३८%) | ६३२(३०%) | ४३(२%) |
| ४ | ईटहरी उपमहानगरपालिका | ३३५६ | १३६१(४१%) | ९१८(२७%) | १०४(३%) |
| | जम्मा | ६१४५ | २३८१(३९%) | १७४२(२८%) | १६७(३%) |

*सामान्य-१०८mg/dl भन्दा कम

*मधुमेहको जोखिम- १०८-१२५ mg/dl

*मधुमेहभएको- १२६ mg/dl वा सो भन्दा बढी

*प्रेषण गर्ने अवस्था- ३२५ mg/dl वा सो भन्दा बढी

**TREND OF HYPERTENSION**

| क्र.स | पालिकाहरु | रक्तचाप स्क्रिनिङ्ग गरेको शंख्या | उच्च रक्तचाप भएको संख्या | उच्च रक्तचापको जोखिममा रहेको संख्या |
|---|---|---|---|---|
| १ | बर्जु गाउँपालिका | ५६५ | १०४(१९%) | १२६(२२%) |
| २ | देवानगंज गाउँपालिका | २४९ | ३४(१४%) | ९३(३७%) |
| ३ | धरान उपमहानगरपालिका | २२७७ | ४३३(१९%) | ९१२(४०%) |
| ४ | ईटहरी उपमहानगरपालिका | ३५४७ | ५४४(१५%) | १२४५(३५%) |
| | जम्मा | ६६३८ | १११५(१७%) | २३७६(३६%) |

***सामान्य- १२०/८० mm of hg भन्दा कम**

***उच्च रक्तचापको जोखिम – १२०-१३९/८०-८९ mm of hg**

*** उच्च रक्तचाप – १४०/९० mm of hg वा सो भन्दा बढी**

फोटोहरुः


समुदायमा आधारित नसर्ने रोग व्यवस्थापन
सम्बन्धी महिला स्वास्थ्य स्वयंसेविकाको लागि
३ दिने तालिम


समुदायमा आधारित नसर्ने रोग व्यवस्थापन
सम्बन्धी महिला स्वास्थ्य स्वयंसेविकाको लागि
३ दिने तालिम
आयोजक











प्रदेश सरकार
कोशी प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
सुनसरी